नेपाल सरकार

**प्रदेश प्रमुख**
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

## खखडेहरा पर्व, २०८२ को शुभकामना सन्देश

सुदूरपश्चिम प्रदेशका कैलाली र कञ्चनपुर जिल्लामा बसोवास गर्ने रानाथारू समुदायले होली पर्वको समापनको दिन मनाउने खखडेहरा पर्व, २०८२ को सुखद् अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सुदूरपश्चिम प्रदेशवासीसहित सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, समृद्धि, सुस्वास्थ्य एवम् दीर्घायुको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु।

असत्यमाथि सत्यको, अन्यायमाथि न्यायको र दुराचारमाथि सदाचारको विजय भएको खुसियालीमा एक आपसमा सद्भाव, मेलमिलाप खुसियाली बाँड्ने सन्देश लिई आउने फागु/होली/होरी पर्व पश्चात सुदूरपश्चिम प्रदेशका तराईका जिल्लाहरूका रानाथारू समुदायले परापूर्व कालदेखिनै उत्सवको रूपमा खखडेहरा पर्व मनाउँदै आएको पाइन्छ। कैलाली र कञ्चनपुर जिल्लामा बसोवास गर्ने रानाथारू समुदायका मानिसहरु परम्परागत पोषाक लगाएर एक ठाउँमा जम्मा भएर सामुहिक भेटघाट, पूजाआजा र नाचगान गर्ने, मान्यजनको आशीर्वाद लिन जाने, एक आपसमा खुसी साटासाट गर्दै विभिन्न किसिमका खाद्य परिकार वनाई खाने, विभिन्न साँस्कृतिक कार्यक्रम, उत्सव र समारोह आयोजना गरी धुमधामसँग मनाइन्छ।

बहुजातीय, वहुभाषिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त हाम्रो नेपाली समाजमा यस्ता पर्वहरूले विभिन्न जातजाति र समुदायको आफ्नो मौलिक संस्कृति र परम्पराको संरक्षण, संवर्द्धन र विकासमा टेवा पुऱ्याउनुका साथै सामाजिक सद्भाव, सहिष्णुता र बन्धुत्त्वको भावना अभिवृद्धि गर्दै राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन योगदान पुऱ्याउनेछ भन्ने विश्वास मैले लिएको छु।

अन्तमा, यस पर्वले हामी सबै नेपालीहरूमा खुशीका रंगहरू छर्दै नयाँ उमंग र हौसलाका साथ आपसी विश्वास, प्रेम र एकतालाई प्रगाढ बनाउदै मुलुकको प्रगतिमा अग्रसर हुन सवैलाई प्रेरणा प्रदान गरोस् भन्ने कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद!
२०८२ फागुन २६ गते, मंगलवार।

नजिर मियाँ
प्रदेश प्रमुख

**नजिर मियाँ**
**प्रदेश प्रमुख**